मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
शंकरपुर,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

विद्यालय सहायक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन -२०८१
(प्रथम पटक प्रकाशित सूचना २०८१/१२/१९)

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।१०।०२ को निर्णयानुसार यस मालिकार्जुन गाउँपालिका अन्तरगतका तपसिलबमोजिमका आधारभूत तह (६-८) सञ्चालित विद्यालयहरुमा विद्यालय सहायक पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक उमेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निर्धारित ढाँचामा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| आधारभूत तह (६-८) | | |
|---|---|---|
| विज्ञापन नं. | क १/०८१/८२ (शिक्षा) | कैफियत |
| विद्यालय | - | |
| श्री बालिचन आवि चडेखान | १ | |
| श्री परोपकार आवि चौकी | १ | |
| जम्मा | २ | |

१. परीक्षाको किसिम: लिखित परीक्षा र अन्तर्वार्ता

२. परीक्षा सञ्चालन : i) लिखित परीक्षा सञ्चालन हुने मिति र समय पछि तोकिनेछ।

ii) अन्तर्वार्ता हुने मिति, समय र स्थान: लिखित परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिनेछ।

३. परीक्षा केन्द्र: गाउँपालिका हलमा हुनेछ।

४. दरखास्त दस्तुर: रु ५०० (पाँच सय मात्र)।

५. पाठ्यक्रम: विद्यालय सहायकको पाठ्यक्रम गाउँपालिकाले स्वीकृत गरी वेभसाइटमा राखिएको छ । सोही पाठ्यक्रमबमोजिम विद्यालय सहायक पदको परीक्षा सञ्चालन हुनेछ।

६. दरखास्त दिने अन्तिम मिति: २०८१/१२/२५ गते कार्यालय समयभित्र।

७. उमेद्वारको उमेर हद: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मालिकार्जुन गाउँपालिका
Malikarjun Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
शंकरपुर,दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

८.उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:

क. नेपाली नागरिक

ख. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ग. मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) उत्तीर्ण वा सो सरहको योग्यता भएको।

९. पेश गर्नु पर्ने कागजातहरु

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि

ग. समकक्षता प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारहरुको हकमा मात्र)

घ. उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

१०. सेवा सुविधा तथा अन्य व्यवस्था :

विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० मा उल्लेख भएबमोजिम हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## विद्यालय सहायक कर्मचारी नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम-२०८१

**लिखित परीक्षाको योजना (Written examination Scheme)**

| विषय क्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न संख्या | प्रतिप्रश्न अंकभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ५० | २० | २५ | २ | वस्तुगत/बहुबैकल्पिक प्रश्नहरु | ३० मिनेट |

**खण्ड-क सामान्य परीक्षा (वस्तुगत प्रश्नहरु)**

| क्र.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्नसंख्या | अंकभार |
|---|---|---|---|
| १ | नेपालको सामान्य ऐतिहासिक जानकारी | २ | ४ |
| २ | नेपालको भूगोल (भौगोलिक अवस्थिति, विविधता, हावपानी, ताल, नदी, हिमाल) | ५ | १० |
| ३ | कार्यालय संचालन तथा अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | ३ | ६ |
| ४ | पत्र व्यवहारः परिचय, पत्रका गुणहर, चिठिका प्रकार, प्रतिवेदन लेखन | २ | ४ |
| ५ | अभिलेख व्यवस्थापनः परिचय, उद्देश्य र अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग | २ | ४ |
| ६ | विद्यालय तहमा शैक्षिक तथ्याङ्क व्यवस्थापन समबन्धी सामान्य जानकारी | २ | ४ |
| ७ | सूचना तथा प्रविधि<br>• कम्प्युटर सम्बन्धी सामान्य जानकारी (MS Word, Excel, Powerpoint, internet etc…) | २ | ४ |
| ८ | नेपालको संविधान (मौलिक हक, नागरिक कर्तव्य तथा अनुसूचीहरु), शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था | ३ | ६ |
| ९ | सार्वजनिक सेवा प्रवाह सम्बन्धी सामान्य जानकारी | २ | ४ |
| १० | Aptitude Test<br>• Verbal Reasonig:- series, analogy, classification, coding-decoding.<br>• Non-Verbal Reasoning:- series, analogy, classification, matrices, triangles. | २ | ४ |
| | | २५ | ५० |

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**खण्ड- ख अन्तर्वार्ता योजना (Interview Examination Scheme)**

अन्तर्वार्ता बापत जम्मा २० अंक

१. शैक्षिक योग्यता बापत - ५ अंक

२. अन्तर्वाता बापत -१५ अंक

- विद्यालय सहायक कर्मचारीको रुपमा सेवा प्रवेश गर्न तोकिएको न्यूनतम शैक्षिक योग्यताको लागि ३ (प्रथम श्रेणी भए ३ अंक, द्वितीय श्रेणी भए २ अंक र तृतीय श्रेणी भए १ अंक प्रदान गर्ने) र माथिल्लो शैक्षिक योग्यताको लागि २ (प्रथम श्रेणी भए २ अंक र द्वितीय श्रेणी भए १ प्रदान गर्ने) प्रदान गरिनेछ ।
- अन्तर्वार्ता बापत १५ अंक (व्यक्तित्व तथा आचरण २, विषयवस्तुको ज्ञान-१०, प्रस्तुतीकरण-३) प्रदान गरिनेछ।

नोटः-

१. सामान्य परीक्षाको लागि ३० मिनेट समय निर्धारण गरिएको छ

२. वस्तुगत परीक्षाका प्रश्नहरुको गलत उत्तर दिएमा अंक कट्टा गरिने छैन।

३. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानूनहरु परीक्षाको मितिभन्दा ३ महिना अगाडि संशोधन भएका कानूनहरु यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ।

समाप्त

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत